बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, रामेछाप

(कार्यक्षेत्रः रामेछाप र दोलखा)

## कृषि विकास कार्यक्रममा सहभागिताका लागि प्रस्ताव/आवेदन आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०७/०९**

कृषि विकास कार्यालय, रामेछापको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कृषि विकास कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न यस कार्यालयको कार्यक्षेत्र (रामेछाप र दोलखा जिल्ला) भित्रका इच्छुक योग्य आवेदकहरु (कृषक समूह, कृषि सहकारी, कृषिफर्म/कृषि कम्पनीहरु) को लागि यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८१/०७/२९) सम्म कार्यालय समयभित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव पत्र कृषि विकास कार्यालय, रामेछाप वा कार्यालयको सेवा केन्द्र, चरिकोट, दोलखामा पेश गर्नुहुन "एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१" को दफा ३ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। साथै इमेल ठेगाना applicationador2081@gmail.com मार्फत पनि आवेदन पेश गर्न सकिनेछ ।

तपसिल

| क.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट रु. लाखमा | कैफीयत |
|---|---|---|---|---|---|
| १ | लसुन प्याज प्रवर्द्धन कार्यक्रम | पटक | २ | १५ | समुद्र सतहबाट १५०० मि. भन्दा माथीको क्षेत्रमा मात्र कार्यक्रम संचालन हुने |
| २ | मसलाबाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | २४ | २४ | |
| ३ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | ३० | ६० | |
| ४ | व्यवसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | ४० | ४० | |
| ५ | खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | १० | १० | |
| ६ | भटमास प्रवर्धन कार्यक्रम | पटक | १ | २० | |
| ७ | संरक्षित संरचनामा तरकारी खेती प्रवर्द्धन कार्यक्रम | पटक | ३ | ९० | |
| ८ | संरक्षित संरचनामा गोलभेडा खेती प्रवर्द्धन कार्यक्रम | संख्या | ३ | २१ | |
| ९ | साना सिंचाइ निर्माण कार्यक्रम | संख्या | ३५ | १०५ | |
| १० | बाँझो खेतमा साना सिंचाइ कार्यक्रम | संख्या | ३ | ९ | |
| ११ | गोठेमल/भकारो सुधार कार्यक्रम | संख्या | ६० | १५ | कृषक समुह/कृषि सहकारीको लागि मात्र |

नोटः कार्यक्रममा प्रस्ताव पेश गर्ने आवेदकले कम्तिमा कार्यविधिले तोके बमोजिमको क्लष्टरको मापदण्ड बमोजिमको क्षेत्रफलमा प्रस्तावित बाली/वस्तुको उत्पादन गर्नुपर्नेछ ।समुह/सहकारीको हकमा प्रति सदस्य देहाय बमोजिमको क्षेत्रफल हुने गरी क्लष्टर बराबरको क्षेत्रफल पुगेको हुने गरी कार्यक्रम संचालन गर्नुपर्नेछ ।

| बाली/वस्तु | क्लष्टरको बमोजिमको क्षेत्रफल | प्रति सदस्य क्षेत्रफल |
|---|---|---|
| खाद्यान्न बाली र दलहन बाली | २ हेक्टर | २ रोपनी |

फोन नं. ०४८-५४०३०८, ०४८-५४००६३
ईमेलः adoramechhap@gmail.com, वेवसाईटः ramechhap.akc.gov.np,Facebook Page: कृषि विकास कार्यालय, रामेछाप

मिन बहादुर पुन
प्रमुख

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय, रामेछाप
(कार्यक्षेत्र: रामेछाप र दोलखा)

| बाली/वस्तु | क्लष्टरको बमोजिमको क्षेत्रफल | प्रति सदस्य क्षेत्रफल |
|---|---|---|
| दलहन बाली | १ हेक्टर | २ रोपनी |
| खुल्ला जमिनमा तरकारी बाली | १.५ हेक्टर | १ रोपनी |
| संरक्षित संरचनामा तरकारी खेती | १ रोपनी | १८० वर्ग मिटर |
| मसला, फलफुल बाली | १ हेक्टर | १ रोपनी |
| लसुन/प्याज बाली | १ हेक्टर | १ रोपनी |
| साना सिंचाई कार्यक्रम | कुलो निर्माण हकमा लाभान्वतित घरधुरी संख्या न्यूनतम १५ हुनुपर्ने | |
| गोठेमल/भकारो सुधार कार्यक्रम | एउटै क्लस्टरमा कम्तीमा १० वटा भकारो सुधार कार्यक्रम हुने गरी कम्तीमा २ वटा पशु प्रति भकारो हुनुपर्ने । | |
| **कार्यक्रम संचालन सम्बन्धमा अन्य मापदण्डहरु तथा अन्य कुराहरु कार्यविधि बमोजिम हुनेछ ।** | | |

**<u>प्रस्तावपत्र/आवेदन पेश गर्दा संलग्न राख्नुपर्ने आवश्यक कागजातहरु:</u>**

१. रु १० को टिकट टाँस सहित कार्यक्रम उल्लेख गरिएको निवेदन माग फारम,
२. कार्यविधिको अनुसुचि ४ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्तावना पत्र ।
३. संस्था दर्ता, नवीकरण, मु.अ.कर/स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, कार्यक्रम माग तथा संचालन सम्बन्धि र अख्तियारी प्राप्त व्यक्ति तोकिएको सम्बन्धि संस्थाको निर्णयको छायाँप्रति।
४. अख्तियारी प्राप्त व्यक्ति/प्रतिनिधिको नागरिकताको छायाँप्रति।
५. समुह/सहकारी/निजी फर्म/कम्पनीको लेखा परीक्षण प्रतिवेदन, प्रबन्धक पत्र वा नियमावली/उद्देश्य देखिने कागजातहरु
६. सम्बन्धित स्थानीय तह/वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नहुने र कार्यक्रम दिन मनासिव हुने व्यहोरा खुलेको सिफारिस पत्र (एक वडा भन्दा बढी कार्यक्षेत्र भएको संस्था/फर्मको हकमा जुन वडामा कार्यक्रम संचालन गर्ने हो सोही वडाबाट हुनपर्ने)
७. कार्यक्रम संचालन तथा संरचना निर्माण गरिने जग्गाको कार्यविधिको अनुसूची १ बमोजिमको लालपुर्जाको प्रमाणित प्रतिलिपि।जग्गा भाडामा लिएको भए सम्बन्धित वडा कार्यालय वा नियमानुसारका निकायबाट प्रमाणित करार सम्झौताको प्रतिलिपि
८. कार्यक्रम सञ्चालन गर्ने र लागत साझेदारी बापतको रकम लगानी गर्ने प्रतिबद्धता पत्र।
९. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य संघ संस्थाबाट सोहि कामका लागि सहयोग लिए/नलिएको स्व-घोषणा।
१०. कार्यालयबाट कार्यक्रम सम्बन्धमा माग भएका आवश्यक अन्य कागजातहरु ।

**पूनश्च:** थप जानकारीको लागि यस केन्द्रको फोन नं. ०४८-५४०३०८, ५४००६३/९८५४०२४५७९ मा सम्पर्क गर्न सक्नुहुनेछ । कार्यक्रम सम्बन्धी कार्यविधि <u>एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१</u> कृषि विकास कार्यलाय, रामेछापको वेबसाइट **<u>www.ramechhap.akc.gov.np</u>** मा हेर्न र डाउनलोड गर्न सक्नुहुनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका र तोकिएको इमेल ठेगाना बाहेक अन्य इमेलमा आएको आवेदनहरुमाथि कुनै प्रकिया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन । साथै इमेल मार्फत प्रस्ताव पेश गर्दा आवश्यक सवै कागजातहरुको एउटा मात्र pdf file बनाइ पेश गर्नुपर्नेछ ।

२०८१/०८/०१
भिम बहादुर पुन
प्रमुख